# परशुराम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## सरूवा सहमतिका लागि निवेदन पेस गर्ने सम्बन्धी सूचना!
(प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०८)

सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, धनगढी, कैलालीको च.नं. १५९८, मिति २०८३/०१/११ गतेको सरुवासम्बन्धी परिपत्र तथा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८२ बमोजिम अन्तर-स्थानीय तह कर्मचारी सरुवासम्बन्धी व्यवस्था कार्यान्वयनमा आएकोले यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा देहायबमोजिमका पदहरू रिक्त रहेको हुँदा प्रदेश अन्तर्गतका स्थानीय तहमा कार्यरत कर्मचारीहरूवाट सरुवा सहमतिका लागि निवेदन आव्हान गरिएको छ।

अतः यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रिक्त रहेका पदमा अन्तर-स्थानीय तहहरूबाट समान तह र पदमा सरुवा भई आउन इच्छुक प्रचलित ऐन/नियम तथा कानूनको अधिनमा रही काम गर्ने, राजनीतिक रूपमा तटस्थ तथा कर्मचारीको आचारसंहिता पालना गर्ने, अनुशासित र उच्च कार्यसम्पादनका लागि प्रतिबद्ध कर्मचारीहरूले हाल आफू कार्यरत कार्यालयको सरुवा सहमति पत्र लगायत आवश्यक कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा निवेदन पेस गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

देहायः

| क्र.सं. | सेवा | समुह | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय प्रशासन | लेखा | आ.ले.प | ६ | १ | |
| २ | स्थानीय प्रशासन | लेखा | लेखापाल | ५/६ | १ | |
| ३ | स्थानीय प्रशासन | सामान्य प्रशासन | सहायक | ४/५ | ८ | |
| ४ | इन्जिनियरिङ्ग | सिभिल | अ.सब इन्जिनियर | ४ | २ | |
| ५ | स्थानीय प्रशासन | लेखा | सहायक लेखापाल | ४ | १ | |

२०८३/०२/०८
(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Email :parshurammun@gmail.com, website : https://www.parshurammun.gov.np